# नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको

# निर्वाचन निर्देशिका- २०७५

नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, मर्यादित र विश्वसनीय बनाउनका लागि तथा निर्वाचनको प्रकृयालाई व्यवस्थित तुल्याउन वाञ्छनीय भएकाले नेबाए निर्वाचन समिति- २०७५ बाट नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन निर्देशिका, २०७५ जारी गरी लागू गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो निर्देशिकाको नाम 'नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन निर्देशिका २०७५' रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ भई लागू हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा–

(क) 'विधान' भन्नाले नेपाल बार एशोसिएशनको विधान, २०४८ सम्झनुपर्छ ।

(ख) 'विनियम' भन्नाले नेपाल बार एशोसिएशनको विनियम, २०४९ सम्झनुपर्छ ।

(ग) 'आचारसंहिता' भन्नाले नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता- २०७५ सम्झनुपर्छ ।

(घ) 'केन्द्रीय कार्यसमिति' भन्नाले नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यसमिति सम्झनुपर्छ ।

(ङ) 'निर्वाचन समिति' भन्नाले विधानको धारा ४५ बमोजिम केन्द्रीय कार्यसमितिबाट गठित निर्वाचन समिति सम्झनुपर्छ ।

(च) 'निर्वाचन अधिकृत' भन्नाले निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृतलाई समेत जनाउँनेछ ।

(छ) 'स्थानीय निर्वाचन समिति' भन्नाले निर्वाचन समितिबाट गठित प्रत्येक मतदान केन्द्रका निर्वाचन उपसमिति सम्झनुपर्छ ।

(ज) 'मतदान अधिकृत' भन्नाले प्रत्येक मतदानकेन्द्र र उपकेन्द्रका लागि निर्वाचन समिति वा निर्वाचन समितिले प्रदान गरेको अख्तियारबमोजिम निर्वाचन उपसमितिबाट नियुक्त मतदान अधिकृत सम्झनुपर्छ ।

(झ) 'मतदाता' भन्नाले विधानको धारा ५(१) बमोजिमको योग्यता भएको, धारा ६ अनुसार नेपाल बार एशोसिएशनको सदस्यता प्राप्त गरेको र धारा २५(१) अनुरूप कम्तीमा दुई आर्थिक बर्षदेखि सदस्य रही प्रत्येक बर्ष सदस्यता नवीकरण गरेको निर्वाचन समितिबाट प्रकाशित मतदाताको अन्तिम नामावलीमा उल्लिखित बरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्ता वा अभिकर्ता कानुनव्यवसायी सम्झनुपर्छ ।

(ञ) 'उम्मेदवार' भन्नाले केन्द्रीय कार्यसमितिको निर्वाचनमा उम्मेदवारी दिई उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेका पदाधिकारी र सदस्यका उम्मेदवारहरूलाई सम्झनुपर्छ ।

(ट) 'कर्मचारी' भन्नाले निर्वाचन समिति र उपसमितिमा कार्यरत नेपाल बार एशोसिएशन वा एकाइका कर्मचारी वा निर्वाचन समिति र उपसमितिले निर्वाचन अवधिभरका लागि नियुक्त गरेका अन्य कर्मचारीलाई जनाउँछ ।

(ठ) 'मतगणना अधिकृत' भन्नाले निर्वाचन समितिबाट मतगणना प्रयोजनका लागि नियुक्त गरिएको मतगणना अधिकृत सम्झनुपर्छ ।

(ड) स्वयंसेवक भन्नाले निर्वाचन सम्बन्धी कार्यमा सहयोग गर्न निर्वाचन समितिले तोकेको व्यक्ति सम्झनु पर्दछ ।

## परिच्छेद - २
## स्थानीय निर्वाचन समिति, मतदान अधिकृत, मतगणना अधिकृत एवं कर्मचारीहरू

३. नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन सञ्चालन गर्दा स्थानीय निर्वाचन समिति एवं मतदान अधिकृतले देहायबमोजिमको कार्यविधि अनुसरण गर्नु-गराउनु पर्नेछ :-

(१) नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन सम्पन्न गराउनका लागि निर्वाचन समितिबाट प्रत्येक मतदान केन्द्रमा सम्बन्धित मतदान केन्द्रमै रहेको बार एशोसिएशनका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्ष समेतको पाँच सदस्यीय स्थानीय निर्वाचन समिति गठन गरिनेछ । उल्लिखित पदाधिकारीमध्ये कुनै पदाधिकारी कारणवश समितिमा रहन नसक्ने भएमा वा नरहेमा सोही बारको कानुनव्यवसायीको प्रमाणपत्रका आधारमा कार्यसमितिका वरिष्ठ सदस्यहरू मध्येबाट उक्त समितिमा रहने छन् ।

(२) एकै मतदान केन्द्रमा उच्च अदालत बार र जिल्ला बार रहेको मतदान केन्द्रको हकमा सम्बन्धित उच्च अदालत बार एशोसिएशनका उल्लिखित पदाधिकारीहरू स्थानीय निर्वाचन समितिमा रहने छन् । तर काठमाडौं मतदान केन्द्रको हकमा वरिष्ठ अधिवक्ताको संयोजकत्वमा निर्वाचन पर्यवेक्षण समिति गठन गरिने छ र सदस्यहरुमा दुई वरिष्ठ अधिवक्ताहरु, सर्वोच्च अदालत बार, उच्च अदालत बार पाटन, काठमाडौं जिल्ला बार, ललितपुर जिल्ला बार, भक्तपुर जिल्ला बार र काभ्रे जिल्ला बारका अध्यक्षहरु पदेन सदस्य रहनेछन् ।

(३) निर्वाचन पर्यवेक्षणमा समितिले मतदान र मतगणनाको कार्यमा बाधा नपुग्ने गरी पर्यवेक्षण गर्नेछ र पर्यवेक्षणको क्रममा देखिएको वा पाएको कार्यको सम्बन्धमा आवश्यक जानकारी निर्वाचन समितिलाई गराउनेछ ।

(४) केन्द्रीय निर्वाचन समितिबाट मतदान अधिकृत नियुक्त गरिनेछ । तर केन्द्रीय निर्वाचन समितिबाट स्थानीय निर्वाचन समितिलाई मतदान अधिकृत नियुक्त गर्न सक्ने अख्तियारी प्रदान गर्न सकिनेछ ।

(५) मतदान केन्द्रहरूबाट सबै मतपेटिकाहरू प्राप्त भएपछि मतगणना कार्य सम्पन्न गर्नका लागि निर्वाचन समितिबाट मतगणना अधिकृतहरू नियुक्ति गरिनेछ ।

(६) निर्वाचन कार्य सञ्चालन गर्नका लागि निर्वाचन समितिबाट आवश्यक कर्मचारीहरू नियुक्ति गरिनेछ । तर निर्वाचन समितिले आवश्यक ठानेमा सम्बन्धित मतदान केन्द्रको स्थानीय निर्वाचन समितिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

परिच्छेद - ३

## मतदान अधिकृतको काम-कर्तव्य र अधिकार

४. नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको मतदान कार्य गराउँदा मतदान अधिकृतले देहायबमोजिमको कार्यविधि अनुसरण गर्नु-गराउनु पर्नेछ :-

(१) मतदान अधिकृतले निर्वाचन सुरु हुने दिन मतदान सुरु हुनुभन्दा २ घण्टाअघि उम्मेदवारहरू वा निजहरूका प्रतिनिधिसमेतको रोहबरमा मुचुल्का खडा गरी, मतपत्र रहेको सिलबन्दी खाम खोली मतपत्रमा सही गरी प्रमुख निर्वाचन अधिकृत र मतदान अधिकृत समेतको सही भएको र निर्वाचन समितिको छाप लागेको मतपत्र मात्र निर्वाचनमा प्रयोग गर्नुपर्नेछ ।

(२) मतदान अधिकृतले नेपाल बार एशोसिएशनको विधान, २०४८, नेपाल बार एशोसिएशनको विनियम २०४९, नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता- २०७५ र यो निर्देशिका समेत बमोजिम निर्वाचन सञ्चालन गर्नु-गराउनु पर्नेछ ।

(३) निर्वाचनको दिन तोकिएको समय सम्म मात्र निर्वाचन सम्पन्न गर्नु-गराउनु पर्नेछ ।

(४) मतदान कार्य गराउँदा सम्बन्धित मतदाताको नाममा जारी भएको नेपाल कानूनव्यवसायी परिषद्को परिचयपत्र वा कानूनव्यवसायीको प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्र मध्ये कुनै एकको सक्कलै प्रति अनिवार्य रूपमा हेर्नु पर्नेछ ।

(५) मतदान केन्द्र परिवर्तन गरि आउने मतदाता तथा उम्मेदवारहरूका मतदान प्रतिनिधिहरूले पनि मतदान गर्नपाउने हुँदा त्यसको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) मतदाता नामावलीको दस्तखत महलमा केन्द्र परिवर्तन लेखिएको भए सो मतदाता सो केन्द्रबाट अन्य केन्द्रमा सरुवा भइगएको जनाउने हुँदा साबिक केन्द्रमा सो मतदाताले मतदान गर्न पाउने छैन ।

(७) मतदान गर्न आउने सबै मतदातालाई मतदाता नामावलीमा रहेको दस्तखत महलमा दस्तखत गर्नलगाएपछि मात्र एउटा मतपत्र दिनुपर्नेछ ।

(८) मतदान कार्य सम्पन्न भएपछि जम्मा मतदाता सङ्ख्या, मतदान गरेका मतदाताहरूको सङ्ख्या र प्रयोग भएका मतपत्रहरूको सङ्ख्या खुलाई मतदान सम्पन्न भएको मुचुल्का खडा गरी उम्मेदवारहरू वा निजहरूका प्रतिनिधिको रोहबरमा गोपनीयताका साथ मतपत्रहरू छुट्टै खाममा राखी लाहा-छाप लगाउनु पर्नेछ ।

(९) मतदान केन्द्र परिवर्तन गरि आउने तथा सोही केन्द्रका मतदाताहरूको हस्ताक्षर गराइएको मतदातानामावली र प्रयोग नभएका बाँकी मतपत्रहरू गन्ती गरी छुट्टै खाममा सिलबन्दी गराउनु पर्नेछ ।

(१०) सिलबन्दी गरिएका सबै खामहरू सुरक्षित ढङ्गबाट कपडाको झोलामा राखी बन्द गरी लाहाछाप लगाई पुनः सिलबन्दी गरी सो सम्पूर्ण सामग्री सोही दिन नजिकको हवाइजहाजबाट काठमाडौंस्थित निर्वाचन समितिको कार्यालयमा पुग्नेगरी पठाउनु पर्नेछ । कथंकदाचित मौसमको कारणले हवाई उडान स्थगित भएमा निर्वाचन समितिमा सम्पर्क गरी समितिको सल्लाह बमोजिम गर्नुपर्नेछ ।

(११) मतदान कार्य सुरु भएदेखि सम्पन्न नहोउन्जेल र मतदानसंग सम्बन्धित सिलबन्दी सामाग्री काठमाडौंमा पठाउने कार्य पुरा नभएसम्म निर्वाचन समितिसंग प्रत्यक्ष सम्पर्कमा रही नियमित खबर आदान-प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ ।

परिच्छेद - ४

## मतगणना अधिकृतको काम-कर्तव्य र अधिकार

५. नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचनको मतगणना गर्दा मतगणना अधिकृतले देहायबमोजिमको कार्यविधि अनुसरण गर्नु-गराउनु पर्नेछ–

(१) नेबाए केन्द्रीय कार्यसमितिको निर्वाचनमा मतदान गरिएका मतपत्रहरूलाई सदर र बदरको मतपत्र छुट्टयाई कुनै किसिमले फरक नपर्ने गरी प्रत्येक उम्मेदवारले पाएको मत गणना गर्नुपर्नेछ । मतदान कार्यमा विद्युतीय प्रविधि प्रयोग भएको मतदान केन्द्रमा मतगणना कार्य निर्वाचन समितिको निर्देशन अनुसार हुनेछ ।

(२) मतगणना गर्दा-गराउँदा नेपाल बार एशोसिएशनको विधान, २०४८, नेपाल बार एशोसिएशनको बिनियम- २०४९, नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता, २०७५, मतगणना निर्देशिका समेत बमोजिम कार्य सम्पन्न गर्नु गराउनु पर्नेछ ।

(३) मतगणना सुरु गर्नुअघि सिलबन्दी गरिएको मतदान सम्पन्न भएको मुचुल्का र मतपेटिकामा लगाइएको लाहाछाप ठीक-दुरुस्त छ/छैन, उम्मेदवार वा निजका मतगणना प्रतिनिधिको रोहवरमा जाँची हेरी सो सिलबन्दी खोलेको मुचुल्का खडा गरी उम्मेदवार वा निजका मतगणना प्रतिनिधिको र सम्बन्धित निर्वाचन कर्मचारीसमेतको दस्तखत गराई मतगणना अधिकृतले मुचुल्का प्रमाणित गर्नुपर्नेछ ।

(४) मतगणनाको क्रममा मतगणना निर्देशिकाको पूर्णतः पालना गरी गराई मतगणनाको कामकारवाही सुरक्षित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्नु-गराउनु पर्नेछ ।

(५) मतगणनाको काम कारवाहीका क्रममा कुनै द्विविधा उत्पन्न भएमा निर्वाचन समितिसमक्ष पेस गरी समितिको निर्णयअनुसार गर्नु-गराउनु पर्नेछ ।

(६) निर्वाचन समितिले मतगणनाको प्रारम्भिक परिणामहरू समय-समयमा सूचित गर्नेछ ।

परिच्छेद - ५

## विविध

६. विधान र विनियम र आचारसंहिताबमोजिमै हुने : यस निर्देशिकाको कुनै कुरा नेपाल बार एशोसिएशनको विधान, २०४८ वा नेपाल बार एशोसिएशनको विनियम, २०४९ वा नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता, २०७५ सँग बाझिएमा सो हदसम्म निर्देशिकाको प्रावधान अमान्य भई विधान, विनियम र आचारसंहिता बमोजिम नै हुनेछ ।

७. बाधा-अड्काउ फुकाउने : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा-अड्काउ आइपरेमा निर्वाचन समितिले उपयुक्त आदेश जारी गरी त्यस्तो बाधा-अड्काउ फुकाउन सक्नेछ ।

जारी मिति : २०७५/११/१२